काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kamkrebihar.com



❐ वर्ष : २५ ❐ अंक : १४८ ❐ बुधवार, २७ फागुन, २०८२ ❐ Wednesday, 11 Mar. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

राष्ट्रिय पार्टी बने ६ राजनितिक दल

६१ दलले कटाएनन् थ्रेसहोल्ड

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २६ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिकतर्फको पछिल्लो मतपरिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सहित ६ वटा राजनीतिक दल राष्ट्रिय पार्टी बनेका छन् । भने निर्वाचनमा सहभागि ६१ द्यलले थ्रेसहोल्ड नै कटाएनन् ।

निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन आयोगले सार्वजनिक गरेको प्रार म्भिक मतपरिणामअनुसार समानुपातिकतर्फ रास्वपा सहित अन्य ६ दलले थ्रेसहोल्ड कटाएका हुन् । नयाँ शक्तिका रूपमा उदाएको श्रम संस्कृति पार्टीले समेत उल्लेख्य मत प्राप्त गर्दै सजिलै थ्रेसहोल्ड पार गरेको हो । यस्तै, नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाल कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पाटी (राप्रपा) र श्रम संस्कृति पार्टीले ३ प्रतिशतको थ्रेसहोल्ड पार गरेका छन् ।

पछिल्लो मत परिणाम अनुसार कुल एक करोढ पाँच लाख ४९ हजार ९८३ मतगण्ना गर्दा थ्रेसहोल्ड कटाउने दलहरुमध्ये रास्वपाले ४७.९० प्रतिशत अर्थात ५० लाख ५३ हजार २४४ मत प्राप्त गरेको छ ।

भने कांग्रेसले १६.२५ प्रतिशत अर्थात १७ लाख १४ हजार ६१८ मत प्राप्त गरेको छ । एमालेले १३.५६ प्रतिशत अर्थात १४ लाख ३० हजार ६३२ मत प्राप्त गरेको छ । भने नेकपाले ७.४० प्रतिशत अर्थात सात लाख ८० हजार ३१० मत प्राप्त गरेको निर्वाचन आयोगको तथ्यांकमा उल्लेख छ ।


यस्तै, श्रम संस्कृति पार्टीले ३.५० प्रतिशत अर्थात तीन लाख ६९ हजार ४६२ र राप्रपाले ३.१० प्रतिशत अर्थात तीन लाख २७ हजार ८७ मत प्राप्त गरेको छ । २७५ सदस्य प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पाउन १८४ सिट ल्याउनुपर्छ ।

अहिलेसम्मको अवस्थामा हेर्दा रास्वपाले प्रत्यक्षमा १२५ र समानुपातिकमा ५७ सिट पाउने देखिन्छ । त्यो आधारमा हेर्दा रास्वपा दुई तिहाई नजिक पुगेपनि पुग्न सकस परेको छ ।

प्रतिनिधिसभामा दुई तिहाइ मतको विशेष महत्व छ । संवैधानिक पदाधिकारीहरू विरुद्धको महाभियोगको प्रस्ताव र कारबाही, संविधान संशोधनको प्रस्ताव प्रतिनिधिसभाको दुई तिहाइ बहुमतले निर्णय गर्छ । तर त्यसका लागि प्रतिनिधिसभाको दुई तिहाइले मात्रै पुग्दैन, राष्ट्रिय सभाको पनि दुई तिहाइ बहुमत आवश्यक पर्छ ।

निर्वाचन आयोगले दिएको प्रारम्भिक विवरण अनुसार यसपालि ५८ प्रतिशत मात्रै मत खसेको हो । कुल मतदाता एक करोड ८९ लाख ३ हजार ६७८ छन् । त्यसमध्ये एक करोड ९ लाख ७७ हजार ७११ मत खसेको थियो । यो भनेको ५८ प्रतिशत हो ।

तर आयोगका सूचना अधिकारी सुमन घिमिरे हरेक निर्वाचनको ट्रेन्ड हेर्ने हो भने ६० प्रतिशतको हाराहारीमै मत खसेको उल्लेख गदै यसपालि पनि करिब ६० भन्न मिल्ने बताउँछन् । आयोगको तथ्यांक हेर्ने हो भने २०७९ सालमा ६१ प्रतिशत मत खसेको थियो । त्यसअघि २०७४ सालमा ६८ प्रतिशत र २०७० मा भएको संविधान सभा निर्वाचनमा ७८ प्रतिशत मत खसेको थियो । त्यसअघि संविधान सभा निर्वाचनमा २०६४ सालमा ६१ प्रतिशत, त्यसअघि २०५६ सालमा ६५ प्रतिशत, २०५१ सालमा भएको मध्यावधिमा ६१ प्रतिशत र २०४८ सालमा ६५ प्रतिशत मत खसेको देखिन्छ । यो निर्वाचनमा मतदान कम हुनुको कारणबारे निर्वाचन आयोगले समीक्षा गर्ने सूचना अधिकारी घिमिरेले बताए ।



> *निर्वाचन आयोगले सार्वजनिक गरेको प्रारम्भिक मतपरिणामअनुसार समानुपातिकतर्फ रास्वपा सहित अन्य ६ दलले थ्रेसहोल्ड कटाएका हुन् । नयाँ शक्तिका रूपमा उदाएको श्रम संस्कृति पार्टीले समेत उल्लेख्य मत प्राप्त गर्दै सजिलै थ्रेसहोल्ड पार गरेको हो ।*

यी हुन्, थ्रेसहोल्न नकटाउने दल

निर्वाचनमा सहभागि ६७ राजनैतिक दलहरुमध्ये ३ प्रतिशतको थ्रेसहोल्ड नकटाउने दलहरुमा जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, आम जनता पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, उज्यालो नेपाल पार्टी र गान्धीवादी पार्टी नेपाल रहेका छन् ।

्यस्तो निर्वाचन आयोगका अनुसार राष्ट्रिय नागरिक पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), नेपाल कम्युनिष्ट पार्टी (संयुक्त), नेपाल जनता पार्टी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी), नेपाली जनता दल, बहुजन शक्ति पार्टी, मंगोल नेशनल अर्गनाइजेसन, मधेशी जनअधिकार फोरम, मधेश, राष्ट्रिय जनता पार्टी नेपाल र राष्ट्रिय जनमुक्ति पार्टीले पनि ३ प्रतिशतको थ्रेसहोल्ड कटाउन सकेनन् ।

त्यस्तै, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपालका लागि नेपाली पार्टी, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल), नेपाल लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी, मितेरी पार्टी नेपाल, नेपाल जनमुक्ति पार्टी, श्रम संस्कृति पार्टी, जनता समाजवादी पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, राष्ट्रिय परिवर्तन पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नेशनल रिपब्लिक नेपाल, पिपुल फर्ष्ट पार्टी, नेपाली जनश्रमदान संस्कृति पार्टी, राष्ट्रिय उर्जाशील पार्टी, नेपाल, संयुक्त नागरिक पार्टी र जय मातृभूमि पार्टीले ३ प्रतिशतको थ्रेसहोल्ड नकटाएको तथ्यांकमा उल्लेख छ ।

कसरी हुन्छ सिट बाँडफाँट ?

सबैभन्दा पहिले सबै दलले प्राप्त गरेको मतलाई जोडेर कुल सदर मत निकालिन्छ । त्यसपछि प्रत्येक दलले प्राप्त गरेको मत कुल सदर मतको कति प्रतिशत छ भनेर निकालिन्छ ।

हालसम्म गणना भएकोमध्ये दलहरुले पाएको परिणामलाई नै अन्तिम मान्ने हो भने ६ वटा दलले ती प्रतिशत वा त्योभन्दा धेरै मत प्राप्त गरेको देखिन्छ । सातौं नम्बरमा रहेको जसपा र त्यसभन्दा थोरै मत प्राप्त गर्ने दलको त्योभन्दा कम प्रतिशत हुन आउँछ ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनले कुल सदर मतको तीन प्रतिशतभन्दा कम मत ल्याउनेलाई समानुपातिक सिट बाँडफाँट नगर्नेगरी थ्रेसहोल्ड निर्धारण गरेको छ । यस अनुसार ती दललाई प्राप्त सदर मत सिट बाँडफाँट प्रक्रियामा समावेश हुँदैन ।

अब प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनले व्यवस्था गरे अनुसार 'परिणाम विभाजक सूत्र' प्रयोग गरेर प्रत्येक दलले प्राप्त गरेको सिट बाँडफाँट गरिन्छ । पहिलो चरणमा सम्बन्धित दलले पाएको मतलाई भाजकले भाग गरेर पहिलो चरणको सिट संख्या निर्धारण गरिन्छ । हालसम्म रास्वपाले पाएको मत अनुसार पहिलो चरणमा रास्वपाले ५७ सिट प्राप्त गर्ने देखिन्छ ।

त्यसैगरी, कांग्रेसले पाएका मत अनुसार १९ सिट, एमालेले १६ सिट, नेकपाले ८ सिट, श्रम संस्कृति पार्टीले चार र राप्रपाको तीन सिट प्राप्त गर्ने देखिन्छ । अब दलहरूले पहिलो चरणमा प्राप्त गरेको सिट जोड्दा १०७ सिट हुन आउँछ । ११० मध्ये बाँकी तीन सिटलाई जुन दलको धेरै मत बाँकी रहेको छ त्यसमा मध्ये पहिलो क्रमबाट एक/एक सिट बाँडफाँट गर्दै जाने व्यवस्था छ ।

बाँकी तीन सिटमध्ये नेकपा, राप्रपा र रास्वपालाई १/१ सिट थपिने अनुमान छ । यसरी थपिएमा समानुपातिकतर्फ रास्वपाले ५८ सिट, कांग्रेसले १९ सिट, एमालेको १६ सिट, नेकपाले ९ सिट तथा श्रम संस्कृति र राप्रपाको ४/४ सिट प्राप्त गर्ने देखिन्छ । यो परिणाम प्राप्त मतको आधारमा हो । अन्तिमसम्मको मतगणनाले यसमा केही फरक पार्नसक्ने सम्भावना हुनसक्छ ।

प्रतिनिधिसभामा रहेको २७५ सदस्यमध्ये दुई तिहाइ पुग्न १८४ सिटमा रास्वपासँग एक सिट अपुरो हुने देखिन्छ । स्वतन्त्र उम्मेदवार महाविर पुनलाई मिलाउने हो भने प्रतिनिधिसभामा रास्वपाको दुई तिहाइ बहुमत हुने देखिन्छ । त्यसो त, पुनलाई रास्वपाले अघोषित रूपमा निर्वाचनमा समर्थन गरेको थियो ।

बालेनले दिए मोदीलाई धन्यवाद

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २६ फागुन

रास्वपाका वरिष्ठ नेता तथा नवनिर्वाचित सांसद बालेन्द्र शाह (बालेन) ले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफूलाई दिएको बधाईको प्रत्युत्तरमा नेपाल-भारत सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले भारतले लगातार दुई पटक टी-२० विश्वकप जितेकोमा बधाई पनि दिएका छन् ।

भारतीय प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमार्फत शुभकामना दिएपछि त्यसको जवाफ दिँदै शाहले दुई देशबिचको सम्बन्धलाई अझ प्रगाढ बनाउन सहकार्य गर्ने विश्वास व्यक्त गरेका हुन् ।

शाहले मोदीकै एक्स ह्यान्डलमा प्रत्युत्तर दिँदै लेखेका छन्,'धन्यवाद छ शुभकामनाका लागि, सम्माननिय प्रधानमन्त्री नरेन्द्र मोदीज्यु । नेपाल-भारतबिच विद्यमान ऐतिहासिक, घनिष्ठ तथा बहुआयामिक सम्बन्धलाई आगामी दिनहरूमा अझ सुदृढ, प्रगाढ र परिणाममुखी बनाउन हामी सँगै सहकार्य गर्ने विश्वास व्यक्त गर्दछु ।'

मोदीले सोमवार रास्वपाका सभापति रवि लामिछाने र शाहलाई टेलिफोनमार्फत निर्वाचनमा सफलता पाएको भन्दै बधाई दिएको सामाजिक सञ्जालमार्फत जानकारी दिएका थिए ।

१३८ उम्मेदवारमध्ये ३६ जनाले कटाउन सकेनन् १०० मत



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २६ फागुन

कर्णाली प्रदेशमा यो पटक विशेषगरी चार पक्षीय चुनावी प्रतिस्पर्धा भयो । पुराना तीन राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र नयाँ राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बिच प्रतिस्पर्धा भएको छ ।

यसअघिका चुनावमा पुराना तीन दलहरूबिच हुने प्रतिस्पर्धामा यो पटक रास्वपा सामेल मात्र भएन, १२ मध्ये एउटा सिट नै जित्न सफल बन्यो ।

सुर्खेत, दैलेख र सल्यानमा त दोस्रो नम्बरमा लागि प्रतिस्पर्धामा आयो । यहाँ विगतमा तेस्रो, चौथो नम्बरमा राप्रपा, नेमकिपा जस्ता दलहरू मत ल्याउँथे, तर यो पटक उक्त स्थानमा रास्वपा आएको छ । चार पक्षीय प्रतिस्पर्धाका क्रममा कतिपय उम्मेदवार यस्ता पनि देखिए, जसले १०० मत पनि ल्याउन सकेनन् ।

प्रदेशभर प्रतिस्पर्धामा आएका १३८ उम्मेदवारमध्ये ३६ जना उम्मेदवारले १०० मत ल्याउन सकेका छैनन् ।

जाजरकोटमा ११ जना उम्मेदवार रहेकामा ५ जनाले १०० मत पनि ल्याउन सकेनन् ।

उज्यालो नेपालका कर्णबहादुर नेपालीले ६७, राष्ट्रिय बाँकी पृष्ठ ३

१२ उम्मेदवारले ल्याए ५० हजारभन्दा बढी मत

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २६ फागुन

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फका १२ जना उम्मेदवारले ५० हजार भन्दा बढी मत ल्याएर निर्वाचित भएका छन् । ५० हजारभन्दा बढी मत ल्याउने सबै उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का छन् ।

सबैभन्दा बढी मत रास्वपाबाट झापा-५ का उम्मेदवार बालेन्द्र शाह (बालेन)ले ल्याएका छन् । उनले ६८ हजार ३४८ मत ल्याएर निर्वाचित भए । दोस्रो बढी मत निवर्तमान उपसभामुखसमेत रहेकी इन्दिरा राना मगरले ल्याइन् । झापा-२ बाट उम्मेदवार बनेकी रानाले ६० हजार ११० मत ल्याएर निर्वाचित भइन् । तेस्रो बढी मत सोविता गौतमले ल्याइन् । चितवन-३ बाट उम्मेदवार बनेकी गौतमले ५९हजार २७७ मत ल्याएर निर्वाचित भइन् ।चौथो बढी मत डा. लेखजंग थापाले ल्याएको निर्वाचन आयोगको तथ्याङ्कमा उल्लेख छ । रूपन्देही-३ बाट उम्मेदवार बनेका डा. थापाले ५८ हजार ८१४ मत ल्याएर निर्वाचित भएका छन् ।

पाँचौं बढी मत हरि ढकालले ल्याए । चितवन-१ बाट उम्मेदवार बनेका ढकालले ५८ हजार २०८ मत ल्याए । छैटौं बढी मत लाल विक्रम थापाले ल्याए । सुनसरी-२ बाट उम्मेदवार बनेका थापाले ५७ हजार ३४८ मत ल्याएर निर्वाचित भए । सातौं बढी मत सुलभ खरेलले ल्याए । रूपन्देही-२ बाट उम्मेदवार बनेका खरेलले ५६ हजार ५५० मत ल्याएर निर्वाचित भए । आठौं बढी मत रुबिना आचार्यले ल्याइन् । मोरङ-६ बाट उम्मेदवार बनेकी आचार्यले ५५ हजार ५१३ मत ल्याएर निर्वाचित भइन् ।

नवौं बढी मत सुनिल लम्सालले ल्याए । रूपन्देही-१ बाट उम्मेदवार बनेका लम्सालले ५४ हजार ८४५ मत ल्याएर निर्वाचित भए । दशौं बढी मत रवि लामिछानेले ल्याए । चितवन-२ बाट उम्मेदवार बनेका लामिछानेले ५४ हजार ४०२ मत ल्याएर निर्वाचित भए ।

एघारौं बढी मत बदन कुमार भण्डारीले ल्याए । काभ्रेपलाञ्चोक-२ बाट उम्मेदवार बनेका भण्डारीले ५३ हजार ३४४ मत ल्याएर निर्वाचित भए । बाह्रौं बढी मत राजन गौतमले ल्याए । नवलपुर-१ बाट उम्मेदवार बनेका गौतमले ५० हजार ९४५ मत ल्याएर निर्वाचित भए ।

'प्रतिनिधि सभा निर्वाचन' प्रतिवेदन राष्ट्रपतिलाई बुझाउने आयोगको तयारी

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २६ फागुन

निर्वाचन आयोगले चैत पहिलो साताभित्र 'प्रतिनिधि सभा निर्वाचन' प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाउने तयारी गरेको छ । फागुन २१ गते सम्पन्न निर्वाचनमा प्रत्यक्षतर्फ र समानुपातिकतर्फ सांसद जित्ने दल र व्यक्ति समेटिएको प्रतिवेदन चैत पहिलो साताभित्र राष्ट्रपतिलाई बुझाउने तयारी आयोगले गरेको हो ।

प्रत्यक्षतर्फ १६५ सिटको नतिजा आइसकेको छ । प्राप्त नतिजानुसार राष्ट्रिय स्वतन्त्र पार्टीले १२५, नेपाली कांग्रेसले १८, नेकपा एमालेले ९, नेपाली कम्युनिस्ट पार्टीले ८, श्रम संस्कृति पार्टीले ३, राष्ट्रिय प्रजातन्त्र पार्टीले १ र स्वतन्त्र उम्मेदवार (महावीर पुन) सिटमा जितेका छन् । जारी समानुपातिक प्रणालीतर्फको मतगणना मंगलबार साँझसम्म सक्ने आयोगको तयारी छ । समानुपातिकतर्फ १ करोड ७७ लाख ७११ मत खसेको थियो । समाचार तयार पार्दासम्म १ करोड साढे ५ लाख हाराहारी मत गणना भइसकेको छ ।

मंगलवार मत गणना सकियो भने बुधबार (फागुन २७) गते राजनीतिक दलहरूलाई आफ्नो भागमा परेका समानुपातिक प्रणालीतर्फ सांसद् बन्नेहरूको सूची पठाउन आयोगले पत्राचार गर्नेछ । प्रतिनिधिसभा निर्वाचनसम्बन्धी कानुनमा नै दलहरूलाई सूची पठाउन ३ दिन समय दिनुपर्ने व्यवस्था छ । त्यसो हुँदा आयोगले दलहरूलाई फागुन ३० गतेसम्मको समय दिनेछ । फागुनको महिला ३० गतेसम्मको भएकाले दलहरूले चैत १ गतेसम्म समानुपातिकतर्फ आफ्नो भागमा परेको सांसद हुने व्यक्तिहरूको सूची निर्वाचन आयोगलाई बुझाउने छन् । त्यसपछि आयोगले दलहरूले पठाएको सूचीमा कुनै त्रुटि भए/नभएको तथा संविधान र कानुनमा गरिएको कलस्टर मिले/नमिलेको अध्ययन गर्नेछ ।

नमिलेको भए नमिलाउने दललाई २ दिनको समय दिएर पुनः पत्राचार गर्ने आयोगले आन्तरिक क्यालेन्डर बनाएको छ । त्रुटि गर्ने दलहरूले त्रुटि सच्याएर पठाएपछि आयोगले कानुन अनुसार मिले/नमिलेको यकिन गरेर छिटोमा चैत ३ गते र ढिलोमा चैत ५ गतेसम्म समानुपातिक प्रणालीबाट निर्वाचित हुने सांसदहरूलाई प्रमाणपत्र प्रदान गर्ने तयारी गरिरहेको छ । त्यसपछि एक दुई दिनमा प्रतिवेदन तयार गरेर राष्ट्रपतिलाई बुझाउने तयारी आयोगको रहेको निर्वाचन आयोगका प्रवक्ता सहसचिव नारायणप्रसाद भट्टराईले जानकारी दिए । 'चैत पहिलो साताभित्र राष्ट्रपतिज्यूलाई 'प्रतिनिधिसभा निर्वाचन प्रतिवेदन' बुझाउने आयोगको तयारी छ,' प्रवक्ता भट्टराईले भने ।

सम्पादकीय

रास्वपाले दिएको सन्देश !

प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले कर्णालीको राजनीतिक परिदृश्यमा रोचक संकेत दिएको छ । प्रत्यक्षतर्फ केवल एक सिट जिते पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले दुई निर्वाचन क्षेत्रमा पहिलो दल बन्ने परिणामले यहाँको मतदाताको सोचमा क्रमश परिवर्तनको सन्देश दिएको छ । सुर्खेत-२ मा ऐतिहासिक जित र सल्यान तथा सुर्खेत-२ क्षेत्रमा समानुपातिकतर्फ प्राप्त मतले नयाँ राजनीतिक शक्तिप्रति मतदाताको चासो बढ्दै गएको देखाएको छ । सुर्खेत क्षेत्र नम्बर २ मा रास्वपाका रमेशकुमार सापकोटाले हासिल गरेको जित केवल एक उम्मेदवारको सफलता मात्र होइन । यहाँ स्थापित राजनीतिक शक्तिहरूलाई चुनौती दिने संकेत पनि हो । लामो समयदेखि नेपाली कांग्रेस र नेकपा एमालेको प्रभाव क्षेत्र मानिएको यस ठाउँमा नयाँ दलका उम्मेदवारले भारी मतान्तरसहित जित निकाल्नु सामान्य राजनीतिक घटना भने होइन । यसले आम मतदाताले नयाँ र बैकल्पिक विकल्प खोज्न थालेको संकेत गर्दछ ।

कर्णालीको राजनीति विगत लामो समयदेखि नै कांग्रेस र एमाले केन्द्रित प्रतिस्पर्धामा घुमिरहेको थियो । बीच-बीचमा तत्कालिन नेकपा माओवादी केन्द्रले पनि प्रभाव देखाए पनि सुर्खेतजस्ता क्षेत्रमा परम्परागत दलहरूको प्रभाव कायम रहँदै आएको थियो । तर यसपटकको परिणामले मतदाताले स्थापित दलप्रति मात्र सीमित भरोसा नराखी नयाँ विकल्पलाई पनि अवसर दिन सक्ने संकेत दिएको छ । रास्वपाले प्रत्यक्षतर्फ एक सिट जिते पनि समानुपातिकतर्फ सुर्खेत-२ र सल्यानमा पहिलो दल बन्नु पनि अर्थपूर्ण उपलब्धि हो । यसको अर्थ, मतदाताको एक हिस्सा परम्परागत दलप्रति असन्तुष्ट हुँदै वैकल्पिक राजनीतिक शक्तितर्फ आकर्षित भइरहेको छ । विशेषगरी युवापुस्ता र परिवर्तन चाहने मतदाताको समर्थन यसमा देखिएको विश्लेषण गर्न सकिन्छ । यद्यपि, यसलाई स्थायी राजनीतिक परिवर्तनको संकेत मान्न भने अझै हतार हुने अनुमान छ । २०७९ को निर्वाचनमा कर्णालीमा परम्परागत दलहरू कांग्रेस, एमाले र नेकपा नै बलिया थिए । तर यस पटक पुराना दललाई चुनाव जित्न निकै कडा प्रतिस्पर्धा गर्नुपर्‍यो । रूकुम नेकपा अहिले पनि निकै बलियो देखिन्छ । भने कांग्रेस, एमाले धेरै जिल्लामा दोस्रो वा तेस्रो शक्तिका रूपमा देखिन्छ । तर रास्वपाले उल्लेख्य मत प्राप्त गर्दै परम्परागत समीकरणलाई चुनौती दिएको छ । कर्णालीका मतदाताको प्राथमिकता सडक सञ्जाल विस्तार, गुणस्तरीय स्वास्थ्य सेवा, पहुँचयुक्त शिक्षा, खानेपानी र रोजगारी सृर्जना गर्नुपर्नेमा स्पष्ट छ ।

कर्णालीका अधिकांश निर्वाचन क्षेत्रमा पुराना दलहरू नै विजयी भएका छन् । यसले यहाँको राजनीतिक संरचना अझै पनि परम्परागत दलहरूकै वरिपरि केन्द्रित रहेको देखाउँछ । तर नयाँ शक्तिले सीमित भए पनि प्रभावकारी उपस्थिति जनाउन थालेको भने स्पष्ट छ । यस अवस्थामा रास्वपाका लागि चुनौती पनि उत्तिकै ठूलो छ । मतदाताले दिएको समर्थनलाई केवल असन्तुष्टिको मतको रूपमा मात्र नराखी व्यवहारिक काममार्फत विश्वासमा बदल्नुपर्ने आवश्यकता छ । संसद् पुगेका प्रतिनिधिले सुशासन, पारदर्शिता र जनताका मुद्दामा प्रभावकारी आवाज उठाउन सके मात्र यस्तो समर्थन दीर्घकालीन राजनीतिक आधारमा रूपान्तरण हुन सक्छ । अर्कोतर्फ, पुराना राजनीतिक दलहरूले पनि यो परिणामबाट पाठ सिक्नुपर्ने अवस्था छ । यदि उनीहरूले जनअपेक्षालाई समयमै सम्बोधन गर्न सकेनन् भने भविष्यमा यस्ता नयाँ शक्तिहरूका लागि अझ ठूलो राजनीतिक स्थान खुल्न सक्छ । यस अर्थमा कर्णालीमा रास्वपाले जितेको एक सिटभन्दा ठूलो कुरा मतदाताले दिएको सकरात्मक सन्देश हो । त्यो सन्देश स्पष्ट गरेको छ, जहाँ राजनीतिमा विकल्पको खोजी सुरू भइसकेको छ । अब त्यसलाई कसले कसरी सम्बोधन गर्छ ? त्यसले नै भविष्यको राजनीतिक दिशा तय गर्नेछ ।

मतपत्रको भारी ! बोक्न सक्ला त घण्टीले ?



विजय कुमार

> *अनि एउटा कुरा सबैले कानमा तेल हालेर सुन्दा हुन्छ- नेपालजस्ता देशहरूमा सरकार चलाउनु भनेको सत्ताधारी दलका नेताहरूबीच 'इगो'को भन्नुस्, आत्मसम्मानको भन्नुस्, कुशल व्यवस्थापन पनि हो । आगामी दिनमा पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाहको सम्बन्ध कसरी अगाडि जान्छ ? यो सवालको जवाफमा कै यौं कुरा भर पर्नेछ ।*

रवि-बालेन पनि छक्क पर्दै सोच्दै होलान् कहाँबाट आयो घण्टीमा यति धेरै भोट ! उनीहरू दन्त्यकथाको त्यो नायकझैं महसुस गर्दै होलान्, जसको हातमा अनपेक्षित रूपमा साम्राज्य परेको थियो । भोटको यत्रो भारी रास्वपाले कसरी बोक्ला ?

यो भोलिको कुरा हो । भोलिका कुरा भोलि नै गरौंला । आजको दिन रवि लामिछानेको संगठनात्मक क्षमता, उनले गरेको र पाएको सहानुभूति, बालेनको क्रेज र जनताले रास्वपालाई दिएको जितको दिन हो । विजेतालाई चुनावी सफलताको बधाई छ । मतदाताले दिएको मतको भारी सफलतापूर्वक बोक्न सक्नुहोला भन्ने कामना छ।

दशकौंअघि सगरमाथाका प्रथम आरोही सर एडमन्ड हिलारीले मसँगको अन्तर्वार्तामा भनेका थिए, 'सगरमाथा आरोहण आफैंमा ठूलो कुरा होइन । तर, शिखरमा टिक्नु मुख्य कुरा हो । चुचुरोमा टिक्ने ठाउँ धेरै हुँदैन र अक्सिजन थोरै हुन्छ । यो कुरा पर्वतारोहणका लागि मात्र होइन, जीवनका हरेक क्षेत्रमा लागू हुन्छ ।'

अहिले जस्तोखाले बहुमत रास्वपाले पाएको छ, पहिला कसैले पाउँदै नपाएको बहुमत होइन यो । दुनियाँमा, दक्षिण एसियामा र नेपालमा पनि विगतका कैयौं उदाहरण छन्- पार्टीहरूले प्रचण्ड बहुमत पाएका र गुमाएका । पाउनु एउटा कुरा हो, पाएको कुरालाई सम्हालेर, सँगालेर राख्न सफल हुनु अर्कै कुरा हो ।

नेपाल देशमा केही दशकअघिसम्म 'सबै' चल्तापुर्जा नेपाली पञ्च थिए । २०४६ पछि 'सबै' कांग्रेस भए । त्यसपछि एमाले भए । त्यसपछि 'सबै' माओवादी भए । हिजोजस्तै लाग्छ, शान्ति प्रक्रियापछि काठमाडौं आएका प्रचण्ड-बाबुरामको संयुक्त निवासका ढोकामा धनाढ्यहरू, मिडिया मालिकहरूको लाइन लाग्यो । आज फेरि तिनै दृश्यहरू दोहोरिन थालिसके । सायद यही नै दुनियाँको रीत हो । रूप फरक, सार उही । सायद त्यही परम्परा कायम राख्दै अबको केही समय 'सबै' नेपाली 'घण्टी' हुने समय हो । मलाई लाग्छ, यो स्तम्भ प्रकाशित हुँदासम्म त्यो काम सुरु भइसकेको हुनेछ । केही वर्षयता मूलधार मिडियामा चल्दै-चलाउँदै आएको 'गगन चालिसा'लाई अब 'बालेन चालिसा'ले विस्थापित गर्न सक्छ । वैश्ययुगमा फाइदा त्यसैमा छ । ओलीजी र गगन थापाको पराजय मामुली पराजय होइन । उनीहरू आ-आफ्नो केन्द्रीय समितिका महत्त्वपूर्ण पदाधिकारीसमेत जसरी 'सुपडा साफ' भएका छन्, यसले गम्भीर आत्मनिरीक्षणको माग गर्छ । यसो भनिरहँदा नेपाली राजनीतिमा गगन थापाको महत्त्वलाई कम आकलन गर्ने मूर्खता कसैले गर्नु हुँदैन ।

मलाई लाग्छ, नेता प्रतिपक्षका रूपमा गगन थापाले हारेको कांग्रेसलाई पुनः स्थापित गराउन, आफ्नो राजनीतिक जीवनको सर्वाधिक निर्णायक यात्रा सुरु गर्नेछन् । यो परीक्षा यात्राले सायद गगन थापालाई नेताबाट राजनेतामा परिणत गर्न सक्छ । यसका लागि गगन थापाले नेपाली कांग्रेसका नीतिहरूमा ऐतिहासिक पुनरावलोकन र आत्मनिरिक्षण गर्नुपर्नेछ । हतारो केही छैन । केही समय विश्राम गरेर, नयाँको खेल हेरेर बस्दा हुन्छ । भरखरै त निर्वाचन सकिएको छ ।

अंग्रेजी भाषामा एउटा शब्द छ । राजनीति र खेलकुदमा प्रयोग हुन्छ, जब कसैले कुनै धेरै ठूलो स्थापित खेलाडीलाई पराजित गरिदिन्छ । नेपालीमा अनुवाद गर्दा त्यो शब्दलाई 'दिग्गज-विजेता' भन्न सकिन्छ होला । अमरेश सिंह र झापा- ५ मा बालेन शाह यस अर्थमा यो निर्वाचनका दिग्गज विजेता हुन् । तर, उनीहरू न नेपालको चुनावी इतिहासका पहिला दिग्गज विजेता हुन्, न अन्तिम ।

रास्वपा पार्टीको सरकार केही दिनमै बन्दै छ । इतिहासमा पटक-पटक र पछिल्लोपटक ८ वर्षअघि नेपालमा अहिलेको जस्तै लगभग दुईतिहाइ बहुमतको वाम सरकार थियो । तर, त्यो सरकार केपी ओली र प्रचण्डबीचको 'इगो' भन्नुस् या 'आत्मसम्मान' भन्नुस्, म्यानेज हुन नसक्दा बीचैमा खसेको थियो । अन्तर्राष्ट्रिय शक्तिले ओली-प्रचण्डबीचको त्यो रगडामा तेल खन्याएर त्यसलाई औपचारिक फुटको तार्किक निष्कर्षमा पुऱ्याएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीको भावी सरकारप्रति म आशावादी छु । जनताले खोजेको 'परिवर्तन' बालेन सरकारले दिन सकोस्-शुभकामना छ । चुनावमा रास्वपाले पाएको बहुमत रास्वपाका लागि सुविधा पनि हो, भार पनि हो, जिम्मेवारी पनि हो । साथै, चेतावनी पनि हो । राजनीतिक शास्त्रमा एउटा शब्द छ- ऋगचकभ या :बवयचष्तथ- बहुमतको अभिशाप ।

अनि एउटा कुरा सबैले कानमा तेल हालेर सुन्दा हुन्छ- नेपालजस्ता देशहरूमा सरकार चलाउनु भनेको सत्ताधारी दलका नेताहरूबीच 'इगो'को भन्नुस् , आत्मसम्मानको भन्नुस्, कुशल व्यवस्थापन पनि हो । आगामी दिनमा पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाहको सम्बन्ध कसरी अगाडि जान्छ ? यो सवालको जवाफमा कैयौं कुरा भर पर्नेछ ।

यसै सन्दर्भमा प्राध्यापक डा. आलोक बोहराका अनुसार- 'नेपाल अहिले एक दुर्लभ राजनीतिक क्षणमा पुगेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीलाई दिइएको व्यापक जनादेशले राजनीति सफा गर्ने र शासनको विश्वसनीयता पुनःस्थापित गर्ने गहिरो जनचाहना झल्काउँछ । तर, इतिहासले चेतावनी पनि दिन्छ । नेपालमा ठूला जनादेशहरू १९९० को लोकतान्त्रिक पुनर्स्थापनादेखि गणतन्त्रमा संक्रमण र त्यसपछिका घटनाहरूमा- धेरैपटक 'बहुमतको अभिशाप'का कारण कमजोर भएका छन् । जब अत्यधिक शक्ति प्राप्त हुन्छ, तब संस्थाहरूलाई जोगाइराख्न आवश्यक अनुशासन नै कमजोर बन्ने जोखिम बढ्छ ।'

गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा, प्रचण्ड, केपी ओली आदिका पालामा संवैधानिक संस्थाहरूको जुन हविगत भयो, त्यसबाट बालेन र रवि लामिछानेले शिक्षा लिन सकेनन् भने त्यही सूचीमा नाम थपिनेबाहेक अर्को ठाउँ पुगिन्न ।

अबको वास्तविक परीक्षा सुधारको हो । यदि यो जनादेशले अर्थ राख्ने हो भने, यसले संस्थागत परिवर्तनमा परिणत हुनुपर्छ । धेरै सुधारहरू आवश्यक छन्, तर आमजनताले राहत र सरकार परिवर्तन महसुस गर्ने गरी केही विषयहरूमा तुरुन्तै ध्यान दिन जरुरी छ ।

भनिराख्नुपर्छ- यो सरकारलाई पुरानाले जसरी काम गर्ने छुट छैन (नेपाली मिडियामा र भाषणमा व्यापक प्रयोग गरिने 'छुट छैन' भन्ने सस्तो शब्द मैले आज पहिलोपटक प्रयोग गरेको हुँ) । यो कुरा कसैले भन्नै पर्दैन, किनभने नयाँले 'परिवर्तन' गर्छन् भन्ने आशामै मतदाताले रास्वपालाई भोटको भारी बोकाएका हुन् ।

अनि एउटा कुरा सबैले कानमा तेल हालेर सुन्दा हुन्छ- नेपालजस्ता देशहरूमा सरकार चलाउनु भनेको सत्ताधारी दलका नेताहरूबीच 'इगो'को भन्नुस् ,आत्मसम्मानको भन्नुस्, कुशल व्यवस्थापन पनि हो । आगामी दिनमा पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन शाहको सम्बन्ध कसरी अगाडि जान्छ ? यो सवालको जवाफमा कैयौं कुरा भर पर्नेछ ।

रवि लामिछाने चुनावअघि बेलैमा जेलबाट ननिस्किएका भए ? बालेन शाहले घण्टी चिह्नको ओत नपाएका भए वा चुनावका दौरानमा बालेनले घण्टी नबजाएका भए ? यी यस्ता केही सवाल हुन्, जसलाई कोट्याइराख्नु जरुरी छैन, तर हेक्का राख्न जरुरी छ ।

यी दुईले एक-अर्कालाई कुन हदसम्म कसरी सहयोग गर्नेछन्, त्यसमा यो दुईतिहाइ सरकारका कैयौं अन्य कुरा भर पर्नेछन् । अनि त्योभन्दा पनि ठूलो कुरा- सरकारले प्रतिपक्षसँग कसरी व्यवहार गर्छ ? त्यसको हेक्का राख्न जरुरी छ । यी पुराना पार्टीहरू ढलेका छन्, मरेका छैनन् । यसै पनि लोकतन्त्रमा प्रतिपक्षलाई जायज इज्जत दिनाले आफ्नै इज्जत बढ्छ ।

यो निर्वाचनमा मैले देखेको एउटा हृदयस्पर्शी दृश्य त्यो थियो, जब धनुषाबाट निर्वाचित मनिष झाले आफ्नो जित घोषणा भएपछि पहिलो काम, जानकी मन्दिर दर्शन गर्न गए अनि त्यसपछि आफ्ना प्रतिस्पर्धी नेपाली कांग्रेसका पराजित उम्मेदवार एवं नेपालको प्रजातान्त्रिक आन्दोलनका पुराना नेता श्री विमलेन्द्र निधिको चरण स्पर्श गरे ।

आफूसँग हारेका विमलेन्द्र निधिको चरण स्पर्श गरेर अनि सबै पुराना नेताहरूलाई स्मरण गरेर मनिष झाले मेरा नजरमा आफूलाई समकालीन राजनीतिमा धेरै अग्लो व्यक्तित्व बनाए । जीवन गोधूलीको साँझमा एउटा निर्वाचन हार्दैमा, विमलेन्द्र निधिलाई मनिष झाले आफ्नो जवानीका ती कठोर वर्षहरूका निम्ति आत्मग्लानि हुन दिएनन्, जुन वर्षहरू निधिले प्रजातन्त्रको पुनर्स्थापनाका लागि त्याग गरेका थिए । जितेपछि विमलेन्द्रको चरणस्पर्शका लागि झुकेर मनिष झाले विमलेन्द्र र अझ भर्नौं, आफैंलाई अग्लो बनाए ।

नेता र अभिनेतामा यही फरक हुन्छ । नेताले सबैलाई सहज महसुस गराउँछ । नेताको अभिनय गर्ने अभिनेताले वरिपरिकालाई केही समयका लागि मेस्मराइज गराउँछ । बस त्यति मात्र ।

पत्रकारिता र लेखनको लामो सार्वजनिक जीवनका दौरानमा हामीले अनेक नेता र नौटंकीहरू देख्ने मौका पाएका छौं । कोही हार पचाउन सक्दैनन्, कसैलाई जित पच्दै पच्दैन ।

नयाँले हेक्का राख्नुपर्छ र पुरानाले पछुतोसाथ स्मरण गर्नुपर्छ, आफ्नो चुनाव चिह्नमा परेका मतपत्र गन्दा जति स्वाद लाग्छ, त्यत्तिकै तितो हुन्छ- बहुमतको अभिशाप ! ऋगचकभ या :बवयचष्तथ!

सर एडमन्ड हिलारीका कालजयी शब्दहरू दोहोऱ्याउन चाहन्छु- 'सगरमाथा आरोहण आफैंमा ठूलो कुरा होइन । तर, शिखरमा टिक्नु मुख्य कुरा हो । चुचुरोमा टिक्ने ठाउँ धेरै हुँदैन र अक्सिजन थोरै हुन्छ । यो कुरा पर्वतारोहणमा मात्र होइन, जीवनका हरेक क्षेत्रमा लागू हुन्छ ।'

नेपालले योपटकको निर्वाचनको जनादेशपछि निराशाको पुरानै चक्र फेरि दोहोऱ्याउँछ कि अन्ततः त्यो चक्रलाई तोड्छ- यो अबका बालेन शाह, रवि लामिछाने र रास्वपाका नेतानेतृहरूको सुस्पष्ट कदमले वा निजी लोभका कारण उत्पन्न हुने संकोचले निर्धारण गर्नेछ । नेपाल यस्तो ठाउँ हो, जहाँ मात्तिने र आत्तिने केही समयपछि बराबर हुन्छन् । पुरानाले नेतालाई सम्झना र नयाँलाई शुभकामना ।

मनोरञ्जन

आँचलको फिल्म "एक मुठी बादल" जेठ १ मा प्रदर्शन हुने



सहारा शर्माको लेखन तथा निर्देशन रहेको फिल्म 'एक मुठी बादल' (माई सेयर अफ स्काई) नयाँ वर्षको जेठ १ गते (मे १५) देखि प्रदर्शनमा आउने भएको छ । निर्माण कम्पनी गौथली इन्टरटेनमेन्टले अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर फिल्मको प्रदर्शन मिति सार्वजनिक गरेको हो ।

निर्माण पक्षका अनुसार फिल्मका लगभग सम्पूर्ण मुख्य विधामा महिलाहरूको नेतृत्व रहेको छ । गौथली इन्टरटेनमेन्ट र मन प्रडक्सनको संयुक्त ब्यानरमा निर्मित यस फिल्मलाई नेपालमा आरआर फिल्मसले वितरण गर्नेछ ।

तीन पुस्ताको भावनात्मक उतारचढावलाई समेटेको यस चलचित्रले तीव्र गतिमा परिवर्तन भइरहेको नेपाली समाजको पृष्ठभूमिमा परिवारका सदस्यहरूबिचको अपेक्षा, त्याग र व्यक्तिगत आकाङ्क्षालाई रोचक शैलीमा प्रस्तुत गर्ने बताइएको छ ।

प्रदर्शनअघि नै थुप्रै अन्तर्राष्ट्रिय उपलब्धि हासिल गरिसकेको फिल्ममा आँचल शर्मा, निशा शर्मा, उषा रजक, भिमा मैनाली, अस्मिता गौतम, शेखर चापागाईं, मनिष निरौला लगायतका कलाकारहरूको अभिनय छ ।

अभिमन्यु दीक्षितले निर्माण गरेको यस फिल्मको कार्यकारी निर्माताका निकुन श्रेष्ठ रहेका छन् भने निर्माण टोलीमा जर्मन निर्माता सारा फाजिलात, सामिप्यराज तिमल्सेना र अनुप पौडेल आबद्ध छन् ।

विश्व

भारतले प्राकृतिक र खाना पकाउने ग्यास वितरणमा गऱ्यो कडाइ, रेस्टुरेन्ट व्यवसाय जोखिममा

मध्यपूर्वमा जारी युद्धका कारण इन्धन आपूर्तिमा अवरोध आएपछि भारत सरकारले प्राकृतिक ग्यास र खाना पकाउने ग्यासको वितरण कडा बनाएको छ। सरकारी आदेशपछि देशभरका रेस्टुरेन्ट तथा होटलहरूले ग्यास आपूर्ति रोकिँदा व्यापक रूपमा व्यवसाय बन्द हुन सक्ने चेतावनी दिएका छन् ।

भारत विश्वकै सबैभन्दा धेरै जनसंख्या भएको देश हो र तरलीकृत प्राकृतिक ग्यास (एलएनजी)को चौथो ठूलो क्रेता मानिन्छ । त्यस्तै खाना पकाउन प्रयोग हुने तरलीकृत पेट्रोलियम ग्यासको दोस्रो ठूलो आयातकर्ता पनि भारत नै हो, जसको ठूलो हिस्सा मध्यपूर्वबाट आउने गर्दछ ।

पेट्रोलियम मन्त्रालयले मंगलबार जारी गरेको आदेशमा मध्यपूर्वमा जारी द्वन्द्वका कारण होर्मुज जलडमरूमध्य हुँदै हुने एलएनजी ढुवानीमा अवरोध आएको उल्लेख गरेको छ । मन्त्रालयका अनुसार नयाँ व्यवस्था लागू गरेर प्राथमिकता क्षेत्रहरूमा ग्यासको समान वितरण र निरन्तर उपलब्धता सुनिश्चित गर्ने उद्देश्य राखिएको छ ।

सरकारले घरपरिवार, यातायात क्षेत्र र एलपीजी उत्पादनलाई ग्यास आपूर्तिमा पहिलो प्राथमिकता दिन आदेश दिएको छ। यसबाहेक मल कारखाना र चिया उद्योगजस्ता अन्य क्षेत्रले उपलब्धताका आधारमा आफ्नो आवश्यकताको करिब ७० देखि ८० प्रतिशत मात्रै ग्यास पाउनेछन् ।

आपूर्ति सन्तुलन मिलाउन पेट्रोकेमिकल उद्योग र विद्युत् उत्पादन केन्द्रहरूमा दिइने ग्यास पूर्ण वा आंशिक रूपमा कटौती गरिने जनाइएको छ ।

ग्यास आपूर्तिमा कटौती सुरु भइसकेको भन्दै केही भारतीय उद्योगहरूले उत्पादनमा असर पर्न सक्ने चेतावनी दिइसकेका छन् । सिरेमिक र टाइल उत्पादन गर्ने धेरै कम्पनीले ग्यास अभावका कारण उत्पादन प्रभावित हुन सक्ने बताएका छन् ।

यसैबीच घरपरिवारलाई एलपिजी आपूर्तिमा प्राथमिकता दिने अर्को सरकारी आदेश सोमबार जारी भएपछि रेस्टुरेन्ट र होटल व्यवसायीहरू थप चिन्तित बनेका छन् ।

भारतको नेसनल रेस्टुरेन्ट एसोसिएसनले सरकारी निर्णयपछि देशभरका एलपिजी आपूर्तिकर्ताहरूले रेस्टुरेन्टहरूमा ग्यास आपूर्ति रोक्न सक्ने संकेत दिएको जनाएको छ ।

संस्थाका अनुसार रेस्टुरेन्ट उद्योग सञ्चालनका लागि मुख्य रूपमा व्यावसायिक एलपिजीमा निर्भर रहने भएकाले आपूर्तिमा कुनै अवरोध आए व्यापक रूपमा व्यवसाय बन्द हुने जोखिम छ ।

'रेस्टुरेन्ट उद्योग मुख्यतया आफ्नो सञ्चालनका लागि व्यावसायिक एलपीजीमा निर्भर छ', संघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यसमा अवरोध आए धेरैजसो रेस्टुरेन्टहरू विनाशकारी रूपमा बन्द हुन सक्छन् ।'

दक्षिण भारतको प्रविधि केन्द्रका रूपमा चिनिने बेङ्गलुरुमा होटल उद्योग संघका प्रमुख पीसी रावले पनि स्थिति चिन्ताजनक भएको बताए । उनका अनुसार ग्यास आपूर्ति प्रभावित भइसकेको छ र धेरै साना रेस्टुरेन्ट तथा होटलमा एकदेखि दुई दिनका लागि मात्र ग्यास मौज्दात बाँकी छ ।

मतदाताले ११ पूर्वमन्त्री र एक मुख्यमन्त्रीलाई रूचाएनन्

काँक्रेविहार संवाददाता
धनगढी, २६ फागुन

सुदूरपश्चिमका मतदाताले चुनाव लडेका ११ पूर्वमन्त्री र एक मुख्यमन्त्रीलाई यस पटक चुनावमा जिताएनन् । प्रदेशका मतदाताले पुराना र पटक-पटक अवसर पाएका नेताहरूलाई यस पटक जिताउने गरी भोट नदिएको देखियो । फेरि पनि संसद् पुग्ने उद्देश्यले चुनावी मैदानमा उत्रिएका विभिन्न दलका ११ जना पूर्वमन्त्री र एक पूर्वमुख्यमन्त्रीलाई यसपटक मतदाताले अस्वीकार गरेका हुन् ।

यसपटकको चुनावमा सुदूरपश्चिमका लामो समयदेखि राजनिती गर्दै आएका नेताहरूले नै आफ्नो साख जोगाउन सकेनन् । अछाम-१ मा नेकपाका नेता डा भीमबहादुर रावललाई नेपाली कांग्रेसका भरतकुमार स्वारले ५२६ मतको झिनो अन्तरले पराजित गरे । उता, डोटीमा पूर्वमुख्यमन्त्री त्रिलोचन भट्टको अवस्था झनै दयनीय बन्यो । उनी चौथो स्थानमा सीमित भए । त्यहाँ कांग्रेसकै भरतबहादुर खड्काले जित निकाले ।

पुराना दलका चर्चित अनुहारलाई यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका नयाँ उम्मेदवार हरूले ठूलो धक्का दिएका छन् । कैलाली-५ मा पूर्वमन्त्री प्रेमबहादुर आले रास्वपाका आनन्दबहादुर चन्दसँग र कञ्चनपुर-१ मा पूर्वमन्त्री बिना मगर रास्वपाकै जनकसिंह धामीसँग पराजित हुँदै संसदसम्म पुग्न असफल भए ।त्यसैगरी कैलाली-४ मा नेकपा एमालेका लेखराज भट्ट र कञ्चनपुर-२ मा कांग्रेसका नारायणप्रकाश साउद पनि पराजय भए ।

यस्तै उता बैतडीमा दामोदर भण्डारी, कञ्चनपुर-३ मा मानबहादुर सुनार, बाजुरामा प्रकाशबहादुर शाह, कैलाली-३ मा गौरीशंकर चौधरी, कैलाली-१ मा जनकराज चौधरी र कञ्चनपुर-१ मा तारा लामा तामाङलाई पनि यसपटक मतदाताले पत्याएनन् ।

यसअघि मन्त्री भएका दुई जना पूर्वमन्त्रीले भने चुनौतीका वाबजुद पनि फेरि यस पटक चुनाव जितेका छन् । दार्चुलाबाट नेकपा एमालेका गणेशबहादुर ठगुन्ना र बाजुराबाट नेपाली कांग्रेसका जनकराज गिरीले जित हासिल गर्दै प्रतिनिधिसभा पुगेका हुन् ।

मतदाता शिक्षा राम्रो नहुँदा बदर मत धेरै

काँक्रेविहार संवाददाता
गमगढी, २६ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअघि मुगु जिल्लाका चारवटै पालिकामा मतदाता शिक्षा प्रदान गरिए पनि बदर मतको सङ्ख्या उल्लेख्य देखिएको छ । जिल्ला निर्वाचन कार्यालय मुगुका अनुसार यस पटकको निर्वाचनमा १ हजार ५ सय १ मत बदर भएको छ ।

२०७९ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा मुगुमा १ हजार ६०० मत बदर भएको थियो । सो तुलनामा यस पटक बदर मतको संख्यामा केही कमी देखिए पनि तात्विक फरक भने परेको छैन । जिल्ला निर्वाचन कार्यालय मुगुका सूचना अधिकारी धनकृष्ण बढुवालका अनुसार जिल्लाका चारवटै पालिकाका ४५ वटै वडामा मतदाता शिक्षा सञ्चालन गरिएको थियो । यद्यपि, एउटै मतपत्रमा दुई वा दुईभन्दा बढी चिह्नमा सङ्केत गरिएको र कतिपयमा ल्याप्चेसमेत लगाएका कारण १ हजार ५ सय १ मत बदर भएको उनले जानकारी दिए ।

यसबाहेक चिह्नको बीचमा छाप नलगाएको, मत माग्न आएका सबै उम्मेदवारको चिह्नमा छाप लगाएको र समानुपातिकतर्फ पनि प्रायः सबै चिह्नमा छाप लगाएको पाइएको सूचना अधिकारी बढुवालले बताए । मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिए पनि विभिन्न कारणले त्यो प्रभावकारी हुन नसकेको निर्वाचन परिणामले देखाएको छ ।

चर्चित निवर्तमान माननीयहरू चर्चामै सिमित



काँक्रेविहार संवाददाता
सुर्खेत, २६ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत कर्णाली प्रदेशका १२ निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फको अन्तिम मतपरिणाम सार्वजनिक भएसँगै प्रदेशको राजनीतिक शक्ति सन्तुलन स्पष्ट भएको छ । बिहीबार सम्पन्न निर्वाचनबाट पाँच सिट जित्दै नेपाली कांग्रेस कर्णालीमा पहिलो दल बनेको छ भने चार निर्वाचन क्षेत्रमा विजय हासिल गर्दै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) दोस्रो स्थानमा पुगेको छ । सांगठनिक रूपमा बलियो दाबी गर्दै आएको नेकपा (एमाले) भने एक सिटमा सीमित भएको छ ।

२०७४ को निर्वाचनमा कर्णालीबाट ६ सिट जितेको एमाले २०७९ को निर्वाचनमा कांग्रेस-माओवादी गठबन्धनका कारण लगभग बढारिएको थियो । यसपटक भने दलहरू गठबन्धनबिना नै चुनावी मैदानमा उत्रिएका थिए । त्यसैले यस निर्वाचनलाई दलहरूको वास्तविक जनाधार परीक्षणका रूपमा पनि हेरिएको छ । परिणामले कांग्रेस, नेकपा र एमालेको कर्णालीमा रहेको वास्तविक राजनीतिक हैसियत उजागर गरेको छ । यस पटकको निर्वाचनले कर्णालीमा केही नयाँ राजनीतिक संकेत पनि दिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले एक-एक सिट जित्दै नयाँ इतिहास रचेका छन् । देशभर रास्वपाको लहर चले पनि कर्णालीमा भने त्यो प्रभाव सीमित देखियो । सुर्खेत-२ बाट रमेशकुमार सापकोटाले जित निकाल्दै रास्वपाको उपस्थितिलाई स्थापित गरे । त्यसैगरी देशका अन्य क्षेत्रमा कमजोर प्रदर्शन भए पनि राप्रपाले जुम्लाबाट एक सिट जित्दै आफ्नो राजनीतिक साख जोगाउन सफल भएको छ ।

निर्वाचन परिणामले कर्णालीमा केही प्रभावशाली र चर्चित नेताहरूको संसदीय यात्रामा ब्रेक पनि लगाएको छ । २०६४ यता निरन्तर रुकुम पश्चिमबाट प्रतिनिधिसभामा विजयी हुँदै आएका जनार्दन शर्माको अविजित राजनीतिक यात्रामा यसपटक विराम लागेको छ । माओवादी राजनीतिमा प्रभावशाली मानिने शर्मा जेन-जी आन्दोलनपछि नेतृत्व हस्तान्तरणको मुद्दा उठाउँदै पार्टीभित्रै विवादमा परेका थिए । पछि वाम एकता प्रक्रियापछि उनी प्रगतिशील लोकतान्त्रिक पार्टीमा आवद्ध भएका थिए ।

उनै शर्मालाई नेकपाका उम्मेदवार गोपाल शर्माले पराजित गर्दै राजनीतिक रूपमा ठूलो झट्का दिएका छन् । विगतमा गृहमन्त्री हुँदा गोपाल आफ्ना स्वकीय सचिव रहेका कारण पनि यो पराजयलाई राजनीतिक रूपमा प्रतीकात्मक मानिएको छ । यो हारले जनार्दन शर्माको आगामी राजनीतिक भविष्यलाई समेत अन्योलतामा धकेलेको विश्लेषण गरिएको छ ।

यस्तै २०७० यताका सबै निर्वाचनमा जाजरकोटबाट विजयी हुँदै आएका शक्तिबहादुर बस्नेत पनि यसपटक पराजित भएका छन् । कांग्रेस जाजरकोटका कार्यवाहक सभापति खड्कबहादुर बुढासँग पराजित भएपछि बस्नेतको लामो संसदीय यात्रामा पनि विराम लागेको छ । लामो समय माओवादी राजनीतिमा प्रभावशाली रहेका बस्नेत पटक-पटक मन्त्रीसमेत भइसकेका नेता हुन् ।

दैलेख-२ बाट दोस्रोपटक सांसद बन्ने प्रयासमा रहेका कांग्रेसका दिक्पालकुमार शाहीलाई पनि एमालेका लक्ष्मीप्रसाद पोखरेलले पराजित गरेका छन् । २०७९ को निर्वाचनमा गठबन्धनको समर्थनमा विजयी भएका शाही यसपटक भने आफ्नै पुराना प्रतिस्पर्धी पोखरेलसँग पराजित हुन पुगे ।

त्यसैगरी दैलेखका अमरबहादुर थापाको संसदीय यात्रामा पनि ब्रेक लागेको छ । २०७० यताका दुई निर्वाचनमा विजयी भएका थापा यसपटक कांग्रेसकी बासना थापासँग पराजित भएका छन् । एमाले विभाजनपछि नेकपा समाजवादी हुँदै यसपटक नेकपाबाट उम्मेदवार बनेका थापालाई बासना थापाले उल्लेखनीय मतान्तरले हराएकी हुन् ।

जुम्लामा भने फरक राजनीतिक सन्देश देखिएको छ । राप्रपाका ज्ञानबहादुर शाहीले लगातार दोस्रोपटक विजय हासिल गर्दै स्थानीय राजनीतिक इतिहासमा नयाँ अध्याय थपेका छन् । यसअघि जुम्लामा एकपटक निर्वाचित सांसद दोहोरिने परम्परा नभए पनि शाहीले त्यो परम्परा तोड्दै आफ्नो प्रभाव कायम राखेका छन् ।

मतपरिणामको विश्लेषण गर्दा कर्णालीका अधिकांश क्षेत्रमा मतदाताको झुकाव अझै पनि पुरानै राजनीतिक दलतर्फ देखिएको छ । देशभर चर्चा भएको रास्वपाको लहर कर्णालीमा भने सीमित रह्यो । सुर्खेत-२ बाहेक अन्य क्षेत्रमा रास्वपा प्रभाव जमाउन सकेन । सल्यानमा उपविजेता बनेको रास्वपा अन्य धेरै क्षेत्रमा तेस्रो वा चौथो स्थानमा सीमित भयो ।

झनै चासोको विषय भने कर्णालीका सात निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवारहरूको जमानत जफत हुनु हो । हुम्ला, जुम्ला, कालिकोट, मुगु, डोल्पा, रुकुम पश्चिम र जाजरकोटमा रास्वपाका उम्मेदवारहरूले कुल सदर मतको १० प्रतिशत पनि प्राप्त गर्न सकेनन् । जसका कारण उनीहरूको जमानत जफत भएको छ ।

निर्वाचन आयोगको नियमअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा उम्मेदवारले १० हजार रुपैयाँ धरौटी बुझाउनुपर्छ । महिला, दलित, अल्पसंख्यक वा आर्थिक रूपमा विपन्न उम्मेदवारका लागि भने उक्त रकममा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ । तर निर्वाचन क्षेत्रमा कुल सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारले उक्त धरौटी रकम फिर्ता पाउँदैनन् ।

यसरी हेर्दा कर्णालीको चुनावी परिणामले एकातिर पुराना राजनीतिक दलको आधार अझै बलियो रहेको संकेत दिएको छ भने अर्कोतर्फ नयाँ शक्तिहरूका लागि चुनौती र सम्भावनाको मिश्रित सन्देश पनि दिएको छ । जनताको विश्वास जित्न राजनीतिक दलहरूले आगामी दिनमा अझ जिम्मेवार, पारदर्शी र जनमुखी राजनीति गर्नुपर्ने आवश्यकता यस परिणामले स्पष्ट रूपमा देखाएको छ ।

१३८ उम्मेदवारमध्ये...

जनमोर्चाका रत्न खड्काले ५५, प्रलोपाका मेघबहादुर ओलीले ३८, नेमकिपाका धनीराम जैसीले २५ र मंगोल नेशनल अर्गनाइजेशनका कमान बुढाले जम्मा ९ मत पाए ।

सल्यानमा १४ जना उम्मेदवार रहेकोमा १०० मत कटाउन नसक्ने उम्मेदवार संख्या ४ रहेको छ । नेमकिपाका उम्मेदवारले यहाँ ६६ मत मात्रै पाएका छन् ।

९ जना उम्मेदवार रहेको डोल्पामा ३ जनाले मात्रै १०० मत कटाएका छन् । १०० मत नकटाउनेमा राप्रपाका हरि डाँगी (९२), स्वतन्त्र ओमेन्द्र ओली (५४), प्रलोपाका विकास बुढा (२१), उज्यालो नेपालका दिलबहादुर विष्ट (११) र मितेरी पार्टीका जुनु भण्डारी (२) रहेका छन् । मुगुमा ७ मध्ये प्रलोपाका ऐटन कुमाल मल्लले २२ मत मात्रै पाए भने जुम्लामा विप्लव माओवादीका बिर्ख शाहीले ७१, जनता पार्टीका रनील विक्रम शाहीले ४३, स्वतन्त्र उम्मेदवार भक्त रावलले १४ मत मात्रै पाए ।

कालिकोटमा दुई जना स्वतन्त्र उम्मेदवारले पनि १०० मत ल्याउन सकेनन् ।

दैलेख १ मा जनमोर्चाका नरबहादुर सिंहले ९१, लोगबहादुर बोगटी (२९) र आम जनताकी मेना श्रेष्ठले १६ मत पाएकी छिन् ।

यस्तै दैलेख २ मा पनि ३ जनाले ५० त पनि कटाउन सकेनन् । यस्तै सुर्खेत १ मा २, सुर्खेत २ मा ७ जना उम्मेदवारले १०० मत कटाएनन् ।

यस्तै रुकुम पश्चिममा ४ जनाले १०० मत कटाएका छैनन् ।

प्रभावकारी उपचार सेवाबाट धेरैले नयाँ जीवन पाए

काँक्रेविहार संवाददाता
सुर्खेत, २६ फागुन

आइएनएफ साइनिङ अस्पताल सुर्खेतले पश्चिम नेपालमा सञ्चालन गरेको कुष्ठरोग, फिस्टुला र सामान्य अपाङ्गताको प्रभावकारी उपचार सेवाबाट धेरैले नयाँ जीवन पाएका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा आइएनएफ साइनिङ अस्पतालले कुष्ठरोग, फिस्टुला र अपाङ्गताका क्षेत्रमा गरेका काम र प्राप्त उपलब्धिका आधारमा सेवा प्रभावकारी रहेको र बिरामीले नयाँ जीवन पाएका हुन् ।

आइएनएफ साइनिङ अस्पतालले गरेको सामाजिक परीक्षण तथा समीक्षा कार्यक्रममा अछामको मङ्गलसेनबाट फिस्टुलाको उपचार पाएर निको भएको बताउँदै धनी सोडारीले आफूले नयाँ जीवन पाएको बताए । उनले १३ वर्षदेखि रोग पालिरहेको भन्दै फिस्टुलाको निःशुल्क उपचार गरेपछि निको भएको र अहिले नयाँ जीवन पाएको बताए । उनका अनुसार यो सेवा थप विस्तारका साथै प्रचारप्रसार गर्नसमेत जरुरी छ ।

सामाजिक परीक्षक त्रिभुवन बिसीले २०३४ सालदेखि सुरु गरेको आइएनएफको सेवा प्रभावकारी बन्दै गएको र अहिले पनि त्यसको आवश्यकता थप हुँदै गएको पाइएको बताए ।

आइएनएफ साइनिङ अस्पतालबाट गत वर्ष कुष्ठरोगको सेवा अन्तर्गत ३६० जनाको लक्ष्यमा आठ सयले कुष्ठरोगको ओपिडीबाट सेवा लिएको, उपचार भर्नाको लक्ष्य ६० जना रहेकामा ८० जनाले सेवा लिएका छन् । कुष्ठरोगसम्बन्धी अन्य परीक्षणको लक्ष्य दुई हजार रहेकामा तीन हजार ९ सय ५२ जना र कुष्ठरोगीका लागि जुत्ता र सहायक उपकरण सहयोगको लक्ष्य १ सय २० जनालाई रहेकामा २ सय ४५ जनालाई वितरण गरेको जनाएको छ । गत वर्ष सुर्खेतमा कुष्ठरोगका १९ नयाँ बिरामी फेला परेका छन् । फिस्टुलातर्फ बहिरङ्ग सेवाको लक्ष्य ९० जना रहेकामा ९५ जना, फिस्टुला शल्यक्रियाको लक्ष्य ६० जना रहेकामा ७१ जना, बिरामीलाई परामर्श सेवाको लक्ष्य ४ सय ७० जना रहेकामा ६ सय ५६ जनालाई दिइएको छ । सामान्य अपाङ्गता कार्यक्रमतर्फ बाहिरी उपचारको लक्ष्य ५ सय ५० रहेकामा ८ सय २२ जना, मनोसामाजिक सेवाको लक्ष्य छ हजार ४ सय ९० रहेकामा नौ हजार ७ सय ३९ जना, अपाङ्गता भएका बालबालिकालाई उपचार गरिएको छ । सिफारिस लक्ष्य १० जना रहेकामा २४ जना, अपाङ्गता भएका व्यक्तिलाई भर्ना गरी पुनर्स्थापना सेवा प्रदानको लक्ष्य ६५ जना रहेकामा १ सय ७१ जनालाई सेवा प्रदान गरिएको सामाजिक परीक्षणका क्रममा जानकारी गराइएको छ ।

आइएनएफ साइनिङ अस्पतालले प्रदान गरेको सेवाबारे सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख बृखबहादुर शाहीले कुष्ठरोग, फिस्टुला र अपाङ्गताका क्षेत्रमा भएको योगदानको सराहना व्यक्त गरे । उनले सरकारले गर्न नसकेको काम पनि आइएनएफले गर्दा सहज भएको र विशेष गरी अपाङ्गता सहायता सामग्री उत्पादन र वितरण कार्यले अपाङ्गता भएका व्यक्ति लाभान्वित भएको बताए । प्रदेश स्वास्थ्य सेवा निर्देशक डा. रविन खड्काले नारकीय जीवनबाट मुक्ति दिलाउन आइएनएफको कार्यक्रमले सहयोग पुगेको बताए । उनले हालसम्मको सेवाप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि समन्वयसाथ काम गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाए । आइएनएफ साइनिङ अस्पताल सुर्खेतका व्यवस्थापक ललितबहादुर सारूले बिरामीको उपचार बढिरहेको र कार्यक्रम घटिरहेको भन्दै यसमा सहयोगको आवश्यकता रहेको बताए । उनले स्थानीय तह, प्रदेश सरकारसँग समन्वय गरेर कार्यक्रम सञ्चालन भइरहेको स्मरण गर्दै कुष्ठरोग, फिस्टुला र अपाङ्गताका क्षेत्रमा भइरहेको काम सन्तोषजनक रहेको उल्लेख गरे ।

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः- २०८२/११/२७

यस कार्यालयको मिति २०८२/१०/१३ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.क र पि.एस बाहेक)
OPH/Surkhet/ Works/ NCB/01/082-83	Sabha Hall Construction Works at Pradesh pramukh Karyalaya, Surkhet	दिपक निर्माण सेवा, दैलेख	४६,०३,६९३/६९

सचिव

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १० को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

७ दिने सूचना !

(प्रथम पटक प्रकाशितः २०८२/११/२७)

वीरेन्द्रनगर नगरपालिका बस्ने श्री कमला बस्नेतले वीरेन्द्रनगर नगरपालिका वडा नं. १० को लाटीकोइली गा.वि.स. वडा नं. २ सो कित्ता नं. ५७३६ क्षेत्रफल ९२ को पूर्व विष्णुप्रसाद चपाई, पश्चिम बाटो, उत्तर दिपक के.सी. र दक्षिण नरबहादुर शाही यति चार किल्ला भित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको निर्माण कार्य गर्नको लागि पास गरी पाउँ भनी मिति २०८२/११/२७ गतेमा निवेदन दिनुभएकोले सोको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७. अनुसार सो बनाउने घरको सँधियार कोही कसैलाई पिरमर्का पर्ने भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वीरेन्द्रनगर नगरपालिकाको कार्यालयमा उजुर बाजुर गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरप्रति कुनै कारबाहि गरिने छैन ।

काँक्रेविहार राष्ट्रिय दैनिक
बुधवार, २७ फागुन, २०८२
Wednesday, 11 Mar. 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

लुम्बिनीका १२ जना पूर्वमन्त्री र दुई जना पूर्वमुख्यमन्त्रीलाई मतदाताले गरे अस्वीकार

काँक्रेविहार संवाददाता
बुटवल, २६ फागुन

लुम्बिनी प्रदेशबाट प्रतिनिधि सभा सदस्य पदका लागि प्रतिस्पर्धामा उत्रिएका १२ जना पूर्वमन्त्री र दुई जना पूर्वमुख्यमन्त्रीलाई यस पटक मतदाताले अस्वीकार गरेका छन् । पटक-पटक निर्वाचन जित्दै मन्त्री बनेका धेरै अनुभवी नेताहरू यस पटक पराजित मात्र भएनन्, केहीको त धरौटीसमेत जफत हुने अवस्था आएको छ । प्रदेशका विभिन्न जिल्लाबाट १४ जना पूर्वमन्त्री र दुई पूर्व मुख्यमन्त्री प्रतिनिधि सभा निर्वाचनमा प्रतिस्पर्धामा उत्रिएका थिए । तीमध्ये अधिकांश नेता संसद् पुग्न असफल भएका छन् । नवलपरासीमा पटक-पटक चुनाव जितेर मन्त्री बनेका हृदयेश त्रिपाठी यस पटक मतदाताबाट अस्वीकृत भए । सोही जिल्लाको क्षेत्र नम्बर २ मा राप्रपाका ध्रुवबहादुर प्रधान पनि चौथो स्थानमा खुम्चिए । २०७९ सालको निर्वाचनमा सोही क्षेत्रबाट विजयी भएर उनी केही समय कानुनमन्त्री समेत बनेका थिए । रुपन्देही क्षेत्र नम्बर ४ मा पटक-पटक निर्वाचन लड्दै आएका सर्वेन्द्रनाथ शुक्ला पनि यस पटक पराजित भए । शुक्ला पनि पूर्वमन्त्री हुन् । जनता समाजवादी पार्टी नेपालबाट उम्मेदवार बनेका उनले जम्मा ३ हजार ४१० मत प्राप्त गरे । सो क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार कन्हैया बनिया २८ हजार ६६६ मतसहित निर्वाचित भए । रुपन्देही क्षेत्र नम्बर २ मा एमालेका उपाध्यक्ष तथा पटक-पटक मन्त्री बनेका विष्णु प्रसाद पौडेललाई राष्ट्रिय स्वतन्त्र पार्टीका युवा उम्मेदवार सुलभ खरेलले विशाल मतान्तरले पराजित गरे । पौडेलले १२ हजार ८६१ मत प्राप्त गर्दा खरेलले ५६ हजार ५६० मत पाए । २०६४ सालदेखि निरन्तर जित्दै आएका



पौडेलको संसद् यात्रामा २८ वर्षीय खरेलले 'ब्रेक' लगाएका हुन् । पाल्पा क्षेत्र नम्बर २ मा पूर्वमन्त्री सोमप्रसाद पाण्डेय पनि पराजित भए । राष्ट्रिय स्वतन्त्र पार्टीका माधवबहादुर थापा सो क्षेत्रबाट निर्वाचित हुँदा पाण्डेय चौथो स्थानमा सीमित भए । गुल्मीमा एमालेका उपाध्यक्ष तथा पूर्वमन्त्रीद्वय गोकर्ण विष्ट र प्रदीप ज्ञवाली दुवै जना पराजित भए । गुल्मी-१ मा ज्ञवाली र गुल्मी-२ मा विष्ट उम्मेदवार थिए । बर्दिया क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री सञ्जयकुमार गौतम पनि पराजित भए । उनी तेस्रो स्थानमा सीमित रहे । त्यसैगरी दाङ क्षेत्र नम्बर १ मा पूर्वसहरी विकासमन्त्री मेटमणि चौधरी चौथो स्थानमा खुम्चिए भने दाङ क्षेत्र नम्बर ३ मा कांग्रेस नेता तथा पूर्वमन्त्री दीपक गिरी पनि पराजित भए । कपिलवस्तु क्षेत्र नम्बर २मा कांग्रेसबाट निर्वाचित भई मन्त्री बनेका सुरेन्द्र आचार्य यस पटक पराजित भए । सोही क्षेत्रमा विगतमा विभिन्न दल परिवर्तन गर्दै चार पटक सांसद बनेका पूर्वमन्त्री बृजेश कुमार गुप्तालाई पनि मतदाताले अस्वीकार गरेका छन् । उनलाई राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विक्रम सिंह थापाले भारी मतान्तरले पराजित गरे ।

दुई पूर्वमुख्यमन्त्री पनि पराजित

लुम्बिनी प्रदेशका दुई पूर्वमुख्यमन्त्री पनि मतदाताबाट यस पटक अस्वीकृत भएका छन् । प्रदेशका संस्थापक मुख्यमन्त्री तथा एमाले महासचिव शंकर पोखरेल दाङ क्षेत्र नम्बर २ बाट पराजित भए । त्यस्तै दाङ क्षेत्र नम्बर १ मा लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री कुलप्रसाद केसी पनि पराजित भए । माओवादीबाट प्रदेश सभा सदस्य हुँदै मुख्यमन्त्री बनेका केसी यस पटक स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव लडेका थिए । उनको धरौटी समेत जफत भएको छ ।

केही पूर्वमन्त्री निर्वाचित हुन सफल

लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये प्युठानबाहेक अन्य ११ जिल्लामा पूर्वमन्त्रीहरू चुनावी मैदानमा उत्रिएका थिए । तीमध्ये धेरै नेता पराजित भए पनि केही भने निर्वाचित भएका छन् । रुकुम पूर्वमा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' निर्वाचित भए । त्यस्तै रोल्पामा पूर्वमन्त्री वर्षमान पुन पनि निर्वाचित भए । बाँके क्षेत्र नम्बर २ मा मोहम्मद इस्तियाक राई पनि निर्वाचित हुन सफल भए । निर्वाचनको अन्तिम समयमा दल परिवर्तन गर्दै एमालेबाट उम्मेदवार बनेका राईलाई मतदाताले पुनः संसद् जाने अवसर दिएका छन् ।

बालिकाको बलत्कारपछि हत्या भएको भन्दै निष्पक्ष छानबिन गर्न अधिकारकर्मीको माग

काँक्रेविहार संवाददाता
सुर्खेत, २६ फागुन

वीरेन्द्रनगरमा एक बालिकाको बलात्कारपछि हत्या भएको भन्दै मानव अधिकारसम्बद्ध संघ-संस्थाहरूले निष्पक्ष छानबिन हुनुपर्ने माग गरेका छन् ।

जिल्लाको गुर्भाकोट नगरपालिका-६, घर भई हाल वीरेन्द्रनगर नगरपालिका-१, बस्दै आएकी १६ वर्षीया बालिकामाथि २३ फागुन २०८२ मा वीरेन्द्रनगर-४, स्थित सहिद पार्क नजिकको जंगलमा बलात्कारपछि हत्या भएको उनीहरूले दाबी गरेका छन् । मंगलबार मानवअधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूले उक्त घटनालाई अत्यन्त दुःखद, अमानवीय र निन्दनीय भएको भन्दै निष्पक्ष छानबिन गरी संलग्न दोषीलाई कारबाही गर्न प्रशासन समक्ष माग गरेका छन् ।

साथै पीडित परिवारलाई शीघ्र न्याय दिलाउन सम्बन्धित निकायसँग आग्रह गरिएको छ । अधिकारकर्मीहरूले महिला तथा बालिकामाथि हुने यौन हिंसा र अपराधका घटनाको रोकथामका लागि प्रभावकारी सुरक्षा व्यवस्था, निगरानी तथा सचेतनामूलक कार्यक्रमहरूलाई अझ सुदृढ बनाउन राज्यका निकायलाई ध्यानाकर्षण गराएका छन् ।

घटनाबारे इन्सेक, एड्भोकेसी फोरम, दलित महिला संघ (फेडो), दलित सेवा संघ, मानव अधिकार रक्षक सञ्जाल सुर्खेतलगायत विभिन्न संघ-संस्थाहरूले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गरेका हुन् ।

उनीहरूले सुरक्षित, सभ्य र न्यायपूर्ण समाज निर्माणका लागि राज्यका निकाय, नागरिक समाज तथा आम नागरिक सबैको साझा प्रतिबद्धता र सक्रिय भूमिका आवश्यक रहेको पनि बताएका छन् । साथै यस विषयमा जिल्ला प्रशासन कार्यालय सुर्खेत, जिल्ला सरकारी वकिल कार्यालय सुर्खेत र राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयको समेत ध्यानाकर्षण गराइएको जनाइएको छ ।

के हो घटना ?

२३ गते दिउँसो बालिकाको शव वीरेन्द्रनगर नगरपालिका-४, स्थित जनजागरण सामुदायिक वनमा १६ वर्षीया इनिसा विक बेहोस अवस्थामा फेला परेकी थिइन् । सोही दिन प्रहरीले विकको बलात्कारपछि हत्या गरेको आरोपमा १६ वर्षीय बालकलाई घटनास्थलबाटै गिरफ्तार गरेको थियो ।

थप अनुसन्धानका लागि २४ फागुनमा अन्य १५, १६ र १७ वर्षीय बालकहरूलाई पनि नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्ष मोहनजंग बुढथापाले दिए । मृतक बालिका कक्षा ११ मा अध्ययनरत थिइन् । मृतकका आफन्तहरूले सामूहिक बलात्कारपछि हत्या भएको भन्दै दोषीहरूलाई कारबाहीको माग गरिरहेका छन् ।

जुम्लामा तीन हजार बढी मत बदर

काँक्रेविहार संवाददाता
जुम्ला, २६ फागुन

जुम्लामा प्रत्यक्ष र समानुपातिक तर्फ गरी तीन हजार ३७ मत बदर भएको छ । प्रत्यक्ष तर्फ एक हजार ७०५ मत र समानुपातिक तर्फ एक हजार ३३२ मत गरी तीन हजार ३७ मत बदर भएको हो । प्रत्यक्ष तर्फ यहाँका ७१ हजार ७३९ मतदाता हुन् । यस मध्ये ४० हजार ८७८ जना मतदाताले मात्रै मत खसालेका थिए ।

खसेको मत गणना गर्दा एक हजार ७०५ मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय जुम्लाले जनाएको छ ।

यस्तै समानुपातिक तर्फ ७३ हजार ७३९ मतदाता हुन् । यस मध्ये ४१ हजार ४५१ मत मात्रै खसेको थियो । खसेको मत गणना गर्दा एक हजार ३३२ मत बदर भएको थियो ।

मत बदर हुनुमा निर्वाचन शिक्षा नपुगेको नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले बताए । उनले भने, सरकार, निर्वाचन आयोगले कुनै पनि चुनावमा निर्वाचन शिक्षाका विषयमा ध्यान दिने गरेको पाईदैन । निर्वाचन शिक्षा भन्ने मात्रै हुन्छ । तर त्यसको प्रभावकारिता देखिने गरेको छैन । जसका कारणले मत बदर हुने गरेको हो ।

जिल्ला निर्वाचन अधिकारी दिपेन्द्र कडेलका अनुसार मत बदर हुनुमा मतदाता शिक्षाको मात्रै कारण होइन । मत बदर हुनुमा मतदाता शिक्षाका अलाभा थुप्रै कारण छन् । सदरमुकाम खलंगा चन्दननाथ नगरपालिका भित्रै बसोबास गर्ने शिक्षित मतदाताले बढी बदर गरेको देखिन्छ । उनले भने, एउटै मतपत्रमा एकदेखि बढी ठाउँमा छाप लगाएको देखिन्छ । हेल्च्क्रयाई गर्ने । राम्रोसँग ध्यान नदिने जस्ता कारण पनि मतपत्र बदर हुने गरेका हुन् ।

महाबु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
गैंडाबाज, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

सरोकारवालाहरुले कार्यान्वयनमा सहयोग गर्नुपर्ने बालबालीकाका निम्न अधिकारहरु

- बाँच्न पाउने अधिकार
- नाम, राष्ट्रियता र पहिचानको अधिकार
- भेदभाव विरुद्धको अधिकार
- संरक्षणको अधिकार
- सहभागिताको अधिकार
- अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार
- संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार
- गोपनियताको अधिकार
- अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार
- पोषण तथा स्वास्थ्यको अधिकार
- खेलकुद मनोरञ्जन तथा सांस्कृतिक अधिकार
- शिक्षाको अधिकार

"बालबालिकाको अधकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने, सरोकारवालाहरुले आ-आफ्नो क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह गर्नु सबैको दायित्व हो "

जेष्ठ नागरिकको संरक्षण, र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, शिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्नु सबै सरोकारवालहरुको दायित्व हो।

उमेरजन्य विभेदको अन्त्य गरौँ जेष्ठ नागरिक विरुद्ध हुने दुर्व्यवहार अन्त्यका लागि तथ्यमा आधारित नीति र कार्यमा जोड दिउँ

शिक्षा विकाश निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)